Vol. 2, Issue 1, July 2023
**Surkhet Journal**

*Research Management Cell (RMC) Surkhet Multiple Campus, Birendranagar, Surkhet*

# ऐतिहासिक मौलिक शिक्षा र मानवीय जीवनमा यसको प्रभाव

**डम्बरबहादुर खत्री**

*उपप्राध्यापक*

*सुर्खेत बहुमुखी क्याम्पस*

*dbkhatri63@gmail.com*

**सार संक्षेप**

नेपालमा प्राचीनकालदेखि मध्यकालसम्म परम्परागत मौलिक स्वरूपमा शिक्षा प्रदान गर्रिंदै आएको सन्दर्भमा मौलिक तथा स्वदेशी प्रकारको शिक्षा व्यवस्थाले तत्कालीन जनजीवनमा पारेको प्रभाव के कस्तो थियो र मौलिक शिक्षाको खास स्वरूप के थियो भन्ने उद्देश्य लिएर अध्ययन गर्न खोजिएको थियो । उल्लेखित उद्देश्यमा रहेर तथ्य जानकारी प्राप्त गर्न पुस्तकालय अध्ययन विधिलाई प्रयोग गरिएको थियो, जसका लागि शैक्षिक इतिहाससँग सम्बन्धित पुस्तकालयका दस्तावेजहरू द्वितीय स्रोतका रूपमा प्रयोग गर्दै तथ्य जानकारीहरू संकलन गरिएको थियो । विभिन्न पुस्तकका तथ्य जानकारी र लेख रचना बाट प्राप्त जानकारीलाई अलग अलग टिपोट गरेर लेखको उद्देश्यअनुसार कालक्रम मिलाएर विश्लेषण गरियो ।

नेपालमा वैदिक संस्कृत स्वरूपको शिक्षा विशेषतः धर्मप्रधान भएको र त्यही शिक्षा प्रणालीले प्राचीनकालदेखि मध्यकालसम्मको मानव जीवनलाई धर्म, नैतिकता र मानवीय संस्कार विकास गर्न मद्दत पुऱ्याएको देखियो । त्यसैगरी वैदिक गुरूकूल शिक्षा प्रणाली, मन्दिर, देवालयबाट दिने गरेको र बौद्ध शिक्षा मठबाट दिने गरेकोर दुबै शिक्षा प्रणाली आ–आफ्नै धर्मग्रन्थका आधारमा प्रदान गरिएका र मानव जनजीवनमा धार्मिक भावना विकास गराउँदै आएकाले धर्मप्रधान शिक्षाले तत्कालीन समाजलाई नैतिक जीवन बलियो बनाउन निकै मद्धत पुऱ्याएको देखिन्छ । मल्ल कालमा संस्कृति र नेवारी साहित्य एवम् सिल्पकलाकारिताले मानव जीवनलाई निकै उन्नत बनाएको देखिन्छ । विगतदेखि स्थापित हुँदै आएका ज्ञान, सिपले एवम् लिच्छविकालदेखि अझै बढी फस्टाएको सिप, कलाकारिताको प्रभाव वर्तमान जीवनमा समेत उपयोग भइरहेका छन् भने वैदिक संस्कृति, शिक्षा, धर्मप्रधान शिक्षाले नैतिक आचरण सिकाउन अहिले सम्म पनि सहयोग गरेको देखिन्छ ।

***मुख्य शब्दावली***

प्राचीनकाल, गुरुकूल, व्यावसायिक, संस्कृति, वर्णाश्रम, दस्तावेज ।

## पृष्ठभूमि

शिक्षा विकासको इतिहासलाई हेर्दा मानव जातिको सृष्टि भएसँगै प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा शिक्षा प्रणाली विकसित हुँदै आएको पाइन्छ। मानिसले आफूलाई ढुँङ्गे युगबाट विकसित गराउँदै सभ्य समाजको रूपमा उभ्याउन, एक सामाजिक चेतनशील प्राणीका रूपमा स्थापित हुने अवस्थामा आइपुग्दा कुनै न कुनै तरिकाले शिक्षित हुँदै आएको देखिन्छ । नेपालको सामाजिक संरचना विकासको गतिलाई हेर्दा औपचारिक शिक्षा व्यवस्था धेरै पछिल्लो चरणमा मात्र विकसित भएको तर शिक्षा प्रणालीमा स्वदेशीय प्रभाव नभई हालसम्म पनि वैदेशिक प्रभाव परिरहेको देखिन्छ। राणा शासनकालमा सुरू भएको औपचारिक शिक्षाको परम्पराले नै वैदेशिक स्वरूप भित्र्याएर म्याकले शिक्षा नीतिलाई अवलम्बन गरेको थियो (शर्मा २०६८:४२)।

म्याकले इष्ट इण्डिया कम्पनी सरकारका शिक्षामन्त्री हुँदा कर्मचारी तयार गर्ने अंग्रेजी शिक्षा प्रणाली थियो । जङ्गबहादुर राणाले शिक्षक, निरीक्षक र पाठ्यक्रम सबै बेलायतबाट ल्याएर तत्कालीन शिक्षामा बेलायती प्रभाव पारेका थिए (वेलवासे र अन्य, २०७४:२०९) । प्राचीनकालको शिक्षा परम्परागत स्वदेशीय प्रकृतिको भए पनि त्यतिबेलादेखि नेपालको शिक्षा प्रणालीमा विदेशी प्रभावको सुरूआत भएको थियो । नेपालको सामाजिक संरचना, धर्म संस्कार, परम्परालाई आत्मसात गरेको स्वदेशी प्रकृतिको शिक्षा अनौपचारिक नै थियो । मूलतः शिक्षा अनौपचारिक भए पनि तत्कालीन समाजमा प्रचलित मूल्य मान्यता रीतिरिवाज, मूल्य, आदर्श, धार्मिक सांस्कृतिक परिवेश अनुकूल थियो (श्रेष्ठ र अन्य, २०६७:२७२)।

त्यतिबेलाको शिक्षा प्रणाली सामाजिक मूल्य मान्यताहरू एक पिँढीबाट अर्को पिँढीमा हस्तान्तरण हुँदै जाने परम्पराबाट विकसित हुँदै आएको हो। आजसम्म पनि शिक्षा प्रणालीमा कुनै न कुनै रूपमा परम्परागत शिक्षाको प्रभाव परेको छ । मठ, मन्दिरहरूमा गुरु  पुरोहित र ऋषि महर्षि, बौद्ध गुम्बामा भिक्षु, लामा र आ–आफ्ना धर्मअनुसारका गुरू पुरोहितबाट शिक्षा आदानप्रदान गर्ने परिपाटीबाट शिक्षा विकसित हुँदै आएको देखिन्छ (खत्री २०७०:२९०) । प्राचीनकालदेखि नै समाजमा प्रचलित रीतिरिवाज, विश्वास, चालचलन, जीवनका आदर्श मूल्यहरू नै शिक्षाका मूलभूत विषयवस्तु हुने र त्यही आधारमा व्यक्तिलाईसाक्षात गराउने परिपाटी नेपालमा रही आएको थियो (शर्मा, २०६८:१४) । धार्मिक गुरूहरूका मुखारविन्दुबाट निस्केका महान विचारहरू, वाणीहरू विद्यार्थीलाई श्रवण गराएर, कण्ठाग्र गराएर सोहीअनुसारका मानवीय व्यवहार र क्रियाकलाप अनुसरण गर्दै आएका तथ्य प्रष्ट हुन्छ । सामान्य रूपमा मौलिक शिक्षा नेपालको माटो सुहाउँदो, समाज सुहाउँदो र नेपाली कला, संस्कृति झल्कने स्वदेशमै विकसित भएको शैक्षिक प्रणाली हो जसबाट नेपाली समाजको चित्रण हुनेगरी मौलिक परम्परा र सोहीअनुसारका व्यवहार निर्माण गर्न सहयोग पुऱ्याउन तत्कालीन शिक्षा व्यवस्थाले भूमिका खेलेको थियो (गन्तव्य,२०६६:१३-१५) । आफ्नो मौलिकपनको आधारमा विकसित भएको शैक्षिक प्रणालीले आफ्नोपनको पहिचान, विकास र विस्तार गर्न योगदान पुऱ्याएको थियो।

तत्कालीन गुरू आश्रम र गुरूका निर्देशन र आज्ञा नै अहिलेका शिक्षा ऐन नियम भन्दा बलिया हुन्थे। यस प्रकारले विकसित हुँदै गएको मौलिक शिक्षा प्रणाली समय परिवर्तनसँगै मानवीय आवश्यकतासँग गाँसिएर क्रमिक रूपबाट विकसित र परिमार्जित हुँदै मठ, मन्दिर र गुम्बाजस्ता शैक्षिक केन्द्रबाट सञ्चालित हुँदै गए (वेलवासे र अन्य, २०७४: २०६, २०७) । तथापि त्यो प्रणाली पनि अनौपचारिक स्वरूपको थियो । मठ मन्दिरमा आवास र भोजन सहित व्यवस्था गरेर ऋषिमुनीहरूबाट शिक्षा लिने परम्परा विकसित भएर लिच्छवीकालमा कलाकारिता र सिपसँग गाँसिन पुग्यो। प्राचीन संस्कृत तथा पाली भाषामा शिक्षा आदानप्रदान गर्ने परम्परा थियो । त्यतिबेलासम्म पनि शिक्षा सर्वसाधारणको पहुँचभन्दा बाहिर नै थियो (शर्मा, २०६८: २१)।

लिच्छवीकालमा पनि शिक्षा धर्मप्रधान र सीपमा आधारित थियो (वेलवासे र अन्य, २०७४: २०७) । मल्ल शासनकालमा पनि जनतालाई भन्दा धर्माधिकारीहरूद्वारा दरबारका र राजप्रसादका कर्मचारीहरूलाई शिक्षा दिइन्थ्यो भने जयस्थिति मल्लले चौधा

शताब्दीताका शिक्षालाई जातीय व्यावसायिकता विकास गर्ने सिप र कलासँग गाँसिदिए । वाइसी चौवीसी राज्यहरूका सवै राज्यहरूमा शिक्षा समान रूपले विकसित भएन । शिक्षा केन्द्रका रूपमा पाल्पा, तनहुँ, काश्की, गोर्खा र कपिलवस्तु, डोटी, डडेलधुरा, सिजालाइँ मानिन्थ्यो (शर्मा, २०६८: १८) । पृथ्वीनारायण शाहको समयदेखि बहादुर शाहसम्म नेपाल एकिरिणका समयावधि भित्र शैनिक शिक्षाले पश्रय पायो भने गुरू पँडितहरू भने मठ मन्दिर मै शिक्षा दिइरहेका हुन्थे । योगीका मठहरू विधा व्यवसाय चलाउने केन्द्र मठछात्रा दिनिलय का रूपमा चिनिन्थे (शर्मा २०६८: २९) । राजनैतिक परिवर्तन र चेतनाको विकासले अनौपचारिक शिक्षासँगै औपचारिक शिक्षाको लहर फैलन गयो जसमा स्वदेशी मात्र नभई विदेशी जनजीवनका आधारमा शिक्षा दिन थालीयो । त्यसैगरी प्रजातन्त्र पछि शिक्षा सम्बन्धी विभिन्न समिति र आयोगका सिफारिसका आधारमा व्यवस्थित एवम् पद्धति संगत किसिमले शिक्षाको विकास हुँदै वर्तमान समयसम्म आइपुगेको छ ।

## लेखको औचित्य

मौलिक शिक्षा अर्थात स्वदेशको सभ्यता, संस्कृति, साधनश्रोत, सुहाउँदो शिक्षालाई परम्परागत ज्ञान, आध्यात्मिकता र संस्कारसँग गाँसेर मानव जनजिवनमा यसको प्रत्यक्ष प्रभाव के कस्तो परेको थियो ? त्यसको वर्तमान जिवन पद्धतिमा समेत कस्तो प्रभाव छ ? भन्ने सन्दर्भमा अहिलेसम्म कुनै प्रकारका अध्ययले पुष्ट्याई गर्न नसकेपछि यस अध्ययनले अहिले मौलिक तथा स्वदेशिय प्रकृतिको शिक्षाको जनजिवनमा पार्ने प्रभाव पुष्टयाइँ गर्नुका साथै रैथाने ज्ञान, सिप समेटिएको शिक्षा व्यवस्थाले विगतदेखि वर्तमान जिवन पद्धतिसम्म पार्ने प्रभावको स्पष्ट जानकारी प्राप्त हुने देखिन्छ ।

## लेखको उद्देश्य

१. नेपालको प्राचीन मौलिक शिक्षाको स्वरूप पत्ता लगाउनु,
२. मौलिक शिक्षाले जनजीवनमा पारेको प्रभाव खोजी गर्नु ।

## अनुसन्धान विधि

प्रस्तुत लेख मौलिक शिक्षाको ऐतिहासिक विषयवस्तुको विकसक्रम संग संबंधित हुदै वर्णात्मक ढाचामा तयार गरिएको हो। यो अनुसन्धानात्मक लेख तयार गर्नको लागि आबश्यक सुचना प्राप्त गर्न मध्यपश्चिम विश्वविध्यालय र सुर्खेत बहुमुखी क्याम्पस को पुस्तकालय र त्यहाका शैक्षिक इतिहासका पुस्तक, लेख रचनाहरु छनौट गरी आवश्यक सूचना संकलन गरिएको थियो । प्रस्तुत लेख ऐतिहासिक विषयवस्तु संग संबन्धित हुँदै वर्णात्मक ढाचामा तयार गरिएको हो। त्यसैले यस अध्ययनमा मौलिक शिक्षाको ऐतिहासिक विकसक्रमलाई गुणात्मक विधिको प्रयोग गरी सूचना संकलन गरिएको थियो भने संकलित तथ्याङ्कलाइ कालक्रम मिलाई व्याख्या गरिएको थियो । यसमा मूलतः पूस्तकालय अध्ययन विधिको प्रयोग बढी भएको थियो ।

## प्राप्ति र छलफल

प्रस्तुत अध्ययन विभिन्न लेख, रचना, पुस्तकको अध्ययनका आधारमा प्राप्त भएका तथ्य जानकारीहरूलाई समेटेर नेपालमा प्राचीनकालदेखि मल्लकाल सम्मको शिक्षाको स्वरुप र तत्कालीन शिक्षाले मानव जनजीवनमा पारेको प्रभावलाई निम्नानुसारको क्रममा विश्लेषण गरिएको छः

## प्राचीकालीन वैदिक संस्कृत शिक्षाको स्वरूप र यसको प्रभाव

प्राचीनकालमा शिक्षा औपचारिक स्वरूपको थिएन तर पारिवारिक सिप, ज्ञान, र व्यवहारको अनुकरणमा सीमित तत्कालीन शिक्षाले मानिसहरूलाई आफ्ना व्यवहारिक जीवनका महत्त्वपूर्ण कृयाकलाप सिकाउने कुरामा केन्द्रित रहेको देखिन्छ (वेलवासे र अन्य, २०७४: २०६) । प्राचीनकालको शिक्षा वैदिक धर्म परम्पराबाट अनुप्रेषित भएको, संस्कृत भाषामा लेखिएका धर्म ग्रन्थबाट वैदिक दर्शनअनुसार शिक्षा प्रदान गर्दै आएको देखियो । वैदिक शिक्षा प्रतिकूल क्रृषिकूल, गुरूकूल र देवकूल पद्धतिमा आधारित भएको पाइयो भने पारिवारिक शिक्षामा परिवारका जेष्ठ सदस्य, आमाबाबुले सन्तान दर सन्तानलाई आफ्ना कूल, धर्म, आचरण र शिष्टाचारमा आधारित ज्ञान–व्यवहार सिकाउने गर्दा रहेछन् । सुरूमा आमाबाट स्नेह, ममता र शिष्टाचारको पाठ सिकाउनुका साथै  आदर्श व्यवहार निर्माण गरेर असल जीवनको आधारशीला तयार गरिँदो रहेछ (शर्मा, २०६८: १५)। आमापछि बाबुले सामाजिक व्यवहार, सीप, पेसा व्यवसायउन्मुख शिक्षा दिएर सन्तानलाई असल मार्गदर्शन गर्ने परम्परा भएको पाइयो ।

त्यस्तै सासुले बुहारीलाई घरगृहस्थिका व्यवहार, कूलाचार, सामाजिक रीतिरिवाज र काम कर्तव्यका विषयमा प्रशिक्षित पार्ने परम्परा विकास गरिएको देखियो (शर्मा, २०६८:१४) । वर्णाश्रम व्यवस्थाको सुरू भएपछि धर्ममा आश्रित मानवीय जनजीवन पेसागत रूपमा आ–आफ्नो कला, सिप व्यवहारमा विशिष्टिकृत भएको देखिन्छ (शर्मा, २०६८: १६) । त्यसभन्दा अगाडि मठ, मन्दिर र आश्रममा ऋषिममुनिहरूद्वारा जीवन व्यवहार र दर्शनका पाठ सिकाउने परम्परा चलेको तर वर्णाश्रम व्यवस्थाले पढ्ने पढाउने गुरू पुरोहितबाट भएकोले शिक्षा प्रदान गर्ने जिम्मा गुरूपुरोहितलाई दिइएको देखियो ।

वैदिक शिक्षा संस्कृत भाषाबाट प्रदान गर्न र मानव जीवनलाई व्यवस्थित, संयमित बनाउन आश्रम व्यवस्था गरेको देखिन्छ (शर्मा, २०६८:१४) । मानव जीवनलाई शाक्षात बनाउन र धर्म, मोक्ष र अर्थ प्राप्ति गर्ने ज्ञान र वैद्धिकता प्रदान गर्न गुरूकूल शिक्षाको विकास गरिएको वैदिक शिक्षा गुरूकूल पद्धतिअनुसार सञ्चालन भएको, ब्राह्मणहरूले वैदिक संहिता, वेद, वेदाङ्ग, दर्शन, नीतिशास्त्र, ज्योतिष, आयुर्वेद, उपनिषद, मिमांसा, व्याकरण, न्याय, श्रुतिस्मृति आदि विषयहरूपढ्ने गरेको पाइयो । (गन्तब्य, २०६६:१४) गुरूकूल पद्धतिमा वैदिक शिक्षा ब्रह्मचार्याश्रममा आर्जन गरिने भएकोले उमेरको पहिलो भागमा ब्राह्मण बटुकहरू गुरूआश्रममा बसेर ब्रह्मचार्य अनुशासन पालन गरी, हिँसा, असत्य, रिस राग त्यागेर पवित्र सन्तोषी बनेर तपस्या गर्ने परिपाटीमा सम्मिलित भई शिक्षा लिने गरेको देखियो ।

श्रवण, मनन्, व्याख्या, छलफल र प्रश्नोत्तरबाट शिक्षा दिने र परीक्षा विधि तर्क, धर्म, उपचार, दर्शनमा बहस, छलफल र शास्त्रबाट हुने गर्दो रहेछ । शिक्षा दिने, स्नान, शौच आदि नित्यकर्म पछि गुरूको समिपमा बसेर अध्ययन गर्ने शास्त्र अध्यन र कर्मकाण्डको ज्ञान लिने साथै व्यायाम, प्रणायाम, योग प्रशिक्षण गराइने परम्परा बसेको पाइयो (शर्मा र अन्य, २०६८: १५)। क्षेत्रीयहरू शास्त्राास्त्र सिप, अश्वारोहण सिप, अर्थनीति, राजनीति, दण्डनीति आदि विषयमा अध्ययन गरेर पारंगत हुने चलन रहेको देखियो (शर्मा, २०६८: १५) । वैश्यहरूलाई कृषि, पशुपालन, व्यापार, आदिसँग सम्बन्धित सिपमा दक्ष गराइन्थ्यो भने माथिका तीनओटै वर्गको सेवा गरी समाजलाई स्वच्छ राख्ने काम चौँथो वर्ग (शुद्र) को हुने भएकोले पूर्णरूपमा व्यावसायिक शिक्षा चौँथो वर्गलाई दिइने चलन बसेको पाइयो । तत्कालिन शिक्षा गुरु तथा धर्मग्रन्थ बाट बढी निर्देशित भए पनि व्यक्तिको आत्मअनुशासन, आफ्नो कर्म र कर्तव्यलाइ हुबहु पालना गराउनमा केन्द्रित भएको, आ-आफ्नो सिप ब्यवसाय र व्यक्तिगत जीवन सुखमय बनाउन तल्लिन रहेको देखिन्छ तथापि तत्कालिन ब्यबसायलाई मानिसको जात र भातमा परिणत गर्ने कार्यलाइ भने  सान्दर्भिक मानिदैन जुन अवधारणाले अहिले सम्म पनि नेपाली समाजमा प्रभाव पारिरहेको देखिन्छ र त्यतिबेलाको शिक्षा प्रणालीले सिकाउन खोजेका जिवन ब्यबहारसंग सम्बन्धी विषयवस्तुहरु जस्तै घरगृहस्थ संग सम्बन्धित, कुलाचार, शिष्टाचार, सामाजिक संस्कार, थिती आदि महत्त्वपूर्ण विषयहरु साथै सिप र क्षमता अनुसारका व्यवसायिक कला सिकाउने विषयवस्तु आजको

विद्यालय पाठ्यक्रममा समावेश गर्न सकेमा राम्रोहुने देखिन्छ भने अर्कोतर्फ प्राचीन वेद, दर्शन, नीतिशास्त्र, योग, आयुर्बेद जस्ता विषय समावेश गरी विद्यालय पाठ्यक्रम निर्माण गर्न सकेमा विद्यालय शिक्षा देखि नै कामलाग्दो जनशक्ति उत्पादन हुने थियोर साथै प्राचीन श्रवन, मनन, तर्क जस्ता शिक्षण विधि अहिले को शिक्षण मा पनि लागु गर्न उत्तिकै जरुरी देखिन्छ ।

वैदिककालमा महिलाहरू पनि शिक्षाबाट वर्जित नभएका, व्रम्ह्चारिणी भई वेदाध्ययन पश्चात्ब्रम्ह्वादिनी भएर बस्ने गरेका र अध्ययन समाप्त गरी गुरूको आश्रमबाट सधोवधुका रुपमा गृहस्थ आश्रम प्रवेश गर्ने परम्परा पाइयो । त्यतिबेला सन्यास लिने महिलालाई ब्रम्हवादिनी भनिँदो रहेछ (शर्मा २०६८: पेज १६) । यसरी मानिसको जीवनलाई व्यावाहरिक, व्यावसायिक, नैतिक आचरणमा पूर्ण बनाउन प्राचीन वैदिक शिक्षाको ठूलो योगदान रहेको देखिन्छ । त्यस समयमा महिलाहरुलाई पनि धर्म कर्म पेशा व्यवसाय र सिप सिकाएर आत्म निर्भर बनाउन खोजेको देखिन्छ र महिलाहरुलाई शिक्षा दिनबाट बन्चित नगराउने नीति समाजले अबलम्बन गरेको पाइयो तर त्यो समयमा पनि जातअनुसार शिक्षा र सिप सिकाउने प्रथालाइ रोक्न भने सकेको देखिएन । आजको पाठ्यक्रममा पनि नारी शिक्षामा स्वतन्त्रता दिने कोशिस गरेपनि वैदिक शिक्षामा नारीको स्थान कमजोर देखिन्छ त्यसैले विद्यालय तहदेखि नारीहरुलाई वेद दर्शन, योग, क्रमकाण्ड सिकाउन सके राम्रो हुन्छ ।

प्राचीन वैदिक शिक्षा प्रणाली वेदसम्मत, धर्मशास्त्रसम्मत ज्ञान प्रदान गर्ने भएकोले त्यतिबेला नैतिक आचरण व्यवहार प्रदान गर्न सहज थियो । पारिवारिक शिक्षा उपदेशबाट प्रेसीत हुने र ऋषिमुनीका आश्रमबाट दिने धर्मप्रधान स्वरूपकों थियो । गुरुकुलमा गुरुले आफ्नै घरमा शिष्टाचार सिकाउने, जीवन व्यवहार, सिप सिकाउने गरेका सार्थ वर्णाश्रम व्यवस्थाभित्र हरेकलाई सिप, कलामा निपुण बनाउन खोजेकोले त्यसको प्रभाव तत्कालिन जिवनमा मात्रै नभई आज पनि मानिसहरुले आफुलाई व्यावसायिक बनाउन सहयोग पुऱ्याएको देखिन्छ । त्यतिबेलाको शिक्षा प्रणालीले सिकाएका मानवीय आचार व्यवहारलाई अहिलेको शिक्षा प्रणालीमा समेटेर, धर्म संस्कार, कुलाचार जस्ता व्यवहारमुखी शिक्षा दिन सकेमा अहिलेका मानिसहरुको जिवन पद्धति असल मार्गमा लाग्न सक्ने देखिन्छ ।

## प्राचीनकालीन स्वदेशी बौद्ध शिक्षाको स्वरूप र जनजीवनमा यसको प्रभाव

सिददार्थ गौतम बुद्धले वर्षौंसँम्म तपस्या गरी निर्वाण प्राप्तिपछि बौद्धदर्शन स्थापित भएको र बुद्धको अर्ती उपदेश र दर्शनबाट प्रेरित बौद्ध शिक्षामा वर्ण विभेद नगरी प्राकृत तथा पाली भाषामा वौद्ध धर्म ग्रन्थ (त्रिपिटक र बौद्ध साहित्य) द्वारा विभिन्न मठ, विहार, गुम्बाहरूमा भिक्षु भिक्षुणीहरूलाई प्रदान गरिने परम्परा देखियो (सिंह, २०७४: पेज ६४) । शिक्षा दिने बौद्ध गुरूहरू तथा लामाहरू नेपालमै भएकोले चिन तिव्वतबाट समेत भिक्षु भिक्षुणी बनेर नेपालमा बौद्ध दर्शन अध्ययन गर्न आउने गरेको देखिया (शर्मा, २०६७: पेज ३२५) भने बौद्ध धर्म ग्रन्थसँगै व्याकरण ज्योतिष विधा पनि सिक्ने चलन रहेको पाइयो तर बौद्ध शिक्षा पुरूष महिला सँगसँगै बसेर लिने भएकोले पछि पछि व्यभिचार बढेर यो फैलाउन नसकेको देखियो (शर्मा, २०६८: पेज १७) । तर पनि पारिवारिक बन्धनवाट सकभर मुक्त भएर महिला–पुरूष अनुशासित भएर शिक्षा लिने कोशिसभने गरेको देखियो । बौद्ध शिक्षामा आधारित जीवनउपयोगी शिक्षाले तत्कालीन मानव जगतमा शान्ति, अहिंसा र मानव समाजको कल्याण गर्न बुद्धले देखाएका मार्गदर्शन जीवनको मूल्य आदर्श प्राप्तिमा विशेष योगदान दिएकोले त्यसको प्रभाव अहिलेसम्म पनि विश्वभर फैलिएको देखिन्छ । (श्रेष्ठ,२०७०:३२१)

बौद्ध शिक्षा गुम्वामा संगापा र रोलुङ गुरूबाट हुने र संगापाले कलेजी बस्त्र र शेलुङले पहेँलो वस्त्र लगाउने गरेको, संगापामध्ये विवाह नगरी गृहस्थ त्यागी गुफामा बस्ने र तपस्या गर्ने, धर्मग्रन्थ पढ्ने गुरूलाई शेलुङ भन्ने गरेको देखियो (शर्मा, २०६८: १७) । धर्मतर्फ आस्था राखी भिक्षु धारण गरेका कलेजी वस्त्र धारण गर्ने महिलालाई झुमा भन्ने गरेको पनि पाइयो । गुम्बाहरूमा डोमाङ ग्रन्थका जातक र प्रज्ञा पारमीयता, महातन्त्र रहेकोले त्यही शिक्षा

लिनेहरू गुफामा बस्ने गरेको देखिन्छ। गुफामा बस्दा गुरूलाई समेत खाना खर्च बेहोर्नु पर्ने भएकोले गच्छेअनुसार पढ्ने मानिसहरु तीनवर्ष, तीन महिना, तीन हप्ता वा तीन दिन बस्ने गरेको पाइयो (शर्मा, २०६८: १८) । बुद्ध धर्ममा हिनयान, ब्रजयान र लामावाद जस्ता सम्प्रदाय रहेको देखियो। बौद्ध शिक्षा गुम्बा वा हयाङमा शिक्षा लिइसकेपछि दिक्षित गराउने परम्परामा आधारित भएको देखियो। बौद्ध शिक्षा बुद्धका अर्ति, उपदेशलाई आधार मानेर अनौपचारिक रुपमा दिइने साथै औपचारिक रुपमा बौद्ध धर्मसँग सम्बन्धित ग्रन्थ त्रिपिटक जातक तथा, प्रज्ञा पारमीयताले दिएका ज्ञानसँग सम्बन्धित हुने र आ-आफ्ना सम्प्रदायका आधारमा ज्ञान ग्रहण गरी असल जीवनमार्गमा हिँड्न सकिने, अहिंसा, शान्ति र सुख प्राप्ती गराउने बाटो विगतदेखि मानिसहरुले उपयोग गरेका र हालको शान्तीपूर्ण जिवन त्यहि विगतदेखि अनुप्राणीत ज्ञानबाट निर्देशित छ। अहिलेको मानव समाजमा भइरहेका विकृति, प्रथभ्रष्टता, हिंसा, अशान्तिलाई हटाउन बौद्ध शिक्षा परम्पराले अहम भूमिका निर्वाह गर्न सक्ने देखिन्छ । तत्कालिन बौद्ध शिक्षाले मानवीय जीवनलाई सुख तथा शान्तिमय कसरि बनाउने, जीवनको असल जिउने मार्ग के हो त्यसलाई जीवनमा कसरी लागु गर्ने भन्ने सन्दर्भमा बौद्ध धर्मका साहित्यहरुमा उल्लेखित बिचारहरु केलाउदा स्पष्ट हुन्छ र त्यतिबेलाको शिक्षा मानवीय जीवनको लागि ब्यबहारिक, शान्तिपूर्ण, भयरहित र अनुशाशित थियो त्यसैले अहिले सम्म पनि बौद्ध शिक्षाको प्रभाव विश्व समुदायका मानिसहरुमा त्यत्तिकै फैलिएको देखिन्छ त्यसैले बौद्ध शिक्षालाई अनिवार्य रुपले विद्यालयको पाठ्यक्रम मा समेट्न सकेमा सानै उमेरदेखि शान्ति, अहिंसा र सत्मार्गको ज्ञान अवाधारणाको जग बसाल्न सकिने थियो।

## लिच्छविकालीन मौलिक शिक्षाको स्वरूप र जनजीवनमा प्रभाव

लिच्छवि कालमा पनि शिक्षा संस्कृत माध्यमबाट दिइने र धर्मप्रधान नै भएको शिक्षा केन्द्रका रुपमा धार्मिक संस्थाहरू (विहार, गुम्बा, मन्दिर र मठ) द्वारा रहेको देखियो । वेद, व्याकरण, न्याय, दर्शन, साहित्य, ज्योतिष, कर्मकाण्ड आदि पठनपाठनका विषय रहेको पाइयो (शर्मा, २०६८: १९) । किराँतकालका कला र संस्कृतिलाई विकसित पार्ने गरी त्यतिबेलाको शिक्षा परम्परा रहेको देखियो । लिच्छविकालमा सर्वसाधारणले खासै शिक्षा पाएको देखिएन (शर्मा, २०६८: १९)। राजा अंशुवर्माले विद्याआर्जनका संस्थाहरूलाई वर्गीकरण गरेर शैव, बैष्णव र बौद्ध सम्प्रदायका अलग अलग विद्यालय खोलेका थिए। उच्च अध्ययन गराउने संस्था स्वदेशमा नभएपनि भारतका नालन्दा र विक्रमशीला विश्वविद्यालयमा पढ्न पठाएको र त्यहाँ जाने विद्यार्थीले नाम कमाएको प्रमाण त्यति वेला पाइन्छ। पण्डित बाणेश्वर र कीर्तिविद्वान अध्यापक भएको र कनकश्रीले विक्रमशीला विश्वविद्यालयको द्वार पण्डितको स्थान प्राप्त गरेको प्रमाण पाइएको देखिन्छ (शर्मा, २०६८: १९) । लिच्छविकालमा कला, वास्तुकला विकसित भएकोले कला संस्कृति सम्बन्धी ज्ञान, सिप तत्कालीन समाजमा बढी फैलिएको प्रमाण चाँगुनारायण मन्दिर, मानगृह, कैलाशकुट भवन जस्ता बास्तुकलाका नमुनाबाट पाइएको छ (वेलवासे र अन्य, २०७४: २०७)।

लिच्छवीकालीन नेपालमा बोलचालको भाषा स्थानीय भए पनि राजभाषा संस्कृत भएकोले विद्वानहरूले संस्कृत पढ्ने र देवी देवताको पूजापाठ, मानव जीवनका संस्कारहरूमा संस्कृत भाषाको प्रयोग गरेको पाइयो । प्रायः मानवजीवन व्यवहार र शिक्षादिक्षामा संस्कृत भाषाकै प्रभाव रहेको पाइयो। त्यतिवेलाका अभिलेखहरूमा चाँगुनारायणको गरूड महादेव र पाटनको शिव मन्दिरमा रहेको शिलापत्रहरू संस्कृत भाषामा लेखिएका भेटिए (शर्मा, २०६८: २०) । राजामहाराजाहरूले जग्गा गुठी राखेर शिक्षालय सञ्चालन गर्दथे भने सरकारी, सामूहिक, पारिवारिक र व्यक्तिगत गुठी स्थापना गरेको देखिन्छ। शिक्षाको प्रशासन सञ्चालन गर्न अग्रहार बनाइएको र गुरूलाई मुख्य निर्देशक मान्ने परम्परा थियो। राजा महाराजहरू गुरूबाट

शिक्षा लिने र गुरू तथा विद्वानहरूको सम्मान दरबारमा बढी नै हुने गरेको पाइयो (शर्मा, २०६८: २०)। लिच्छविकालमा कला, वास्तुकला, सिप निकै पैmलिएको र भृकुटी तिब्बत जाँदा बुद्ध मूर्ति, बौद्ध दर्शनका साथै प्यागोडा शैलीको प्रचार तिब्बतमा गरेको पाइयो(शर्मा, २०६८: २१) । त्यसैले प्राचीन लिच्छविकालमा शिक्षाको प्रभाव बढी कला, वास्तुकला साथै धार्मिक, सांस्कृतिक क्षेत्रमा बढी परेको देखियो।

लिच्छविकालको सुरुआतदेखि कर्मकाण्ड, ज्योतिषी, साहित्य, कर्मकाण्ड र कला जस्ता व्यावसायिक सिप सिकाउने शिक्षाले सहयोग गरेको र त्यसबेला विकसित व्यवसायको केन्द्रित शिक्षाको प्रभाव वर्तमान समयसम्म पनि रहेको देखिन्छ । लिच्छविकालमा शैव, वैष्णव, बौद्ध सम्प्रदायले फरक फरक स्वरुपको शिक्षा प्रदान गरेको भए पनि धर्म र नैतिक आचरणमा प्रतिबद्ध शिक्षा दिइएको थियो (गन्तब्य, २०६६: १३)/ त्यतिबेला मानिसहरुबाट आत्मनिर्भर बनाउन जसरी व्यवसाय, सिप, कला उन्मूख शिक्षा प्रदान गरेर सहयोग गरेको, जिवन सहज बनाएको थियो, त्यस्तै गरेर त्यस बेलाको धर्म प्रधान शिक्षा र व्यावसायिक सिप, कला उन्मूख शिक्षाले आजको जिवन जगतमा मानिसलाई पूर्ण रुपमा व्यावसायिक र आत्मनिर्भरतामा डोऱ्याउन सक्ने निश्चित नै हो । तत्कालिन शिक्षाले मानिस हरुलाई कला वास्तुकला सम्बन्धि सिप सिकाएर जीवन सहज बनाउन सहयोग गरेको साथै धर्म संस्कार र नैतिक बन्धन बाट समाज निकै उन्नत बनाउने काम गरेकोले आत्मनिर्भर समाजको सिर्जना भएको देखियो आज को जस्तो कुनै सिप व्यवसाय र मानवीय समस्यामा परनिर्भर समाज त्यतिबेला देखियन त्यसैले आजका वालवालिकालाई विद्यालय तह देखि सिप र कलामा निपुण बनाइ व्यावसायिक मानिस बनाउन विद्यालयको पाठ्यक्रम परम्परागत कला,वास्तुकला समेटिएको हुनुपर्ने जरुरी छ।

## मल्लकालीन मौलिक शिक्षा व्यवस्था र जनजीवनमा यसको प्रभाव

मल्ल राजाहरु सबै सर्वसाधारण जनतामा शिक्षा दिनु पर्ने कुरामा त्यति चासो राख्दैनथे तर पनि उनीहरुको पालामा शिक्षा विकासमा सहयोग पुर्याउन  त्यतिबेलाका कर्म गराउने ब्राम्हण र विद्वानहरुका बौद्धाचार्यलाई शिक्षा अनिवार्य गराएको प्रमाण पाइयो । त्यस्तै राजप्रसादका कर्मचारी, दरबारियहरु, आचार्य, दैवज्ञ, धौभाजु, गुभाजु, प्रधान, मास्केलाई शिक्षा दिने भएकाले तिनीहरु बढी पढेलेखेका हुने गरेको भेटियो (अधिकारी, २०६८: २४८)।  तत्कालिन शिक्षा सर्बसाधारण भन्दा दरवारिया वीशेष व्यक्तिहरुमा सिमित थियो मल्ल शासकहरु शाधारण मानिसहरुलाई आफ्नो निर्देशन पालना गर्ने रैती भइरहुन भन्ने ठान्दथे भन्ने कुरा प्रष्ट हुन्छ।

तिनीहरु मध्येका पनि विद्वानबाट राजदरबारमा राजकुमार र राजकुमारीहरुलाई पढाउन लगाएको देखियो। त्यसैले त्यतिबेला सर्वसाधारण मानिस पढेलेखेको नभए पनि केही पण्डितहरु पढेलेखेका हुनाले उनीहरु श्रेष्ठ कवि र साहित्यकार बन्न पुगेको पाइयो। यस कालमा कलाकौशलका साथै शिक्षाको पनि केही विकास भएको, औपचारिक र संगठित संस्थागत शिक्षाको विकासमा केही प्रयास नभएकाले सामाजिक जनजीवन साक्षर नभएको देखियो । विहार, मठ, मन्दिर, गुठी जग्गाको आयस्ताबाट धार्मिक शिक्षा व्यवस्था गर्ने कार्य भने भएको पाइयो (वेलवासे र अन्य, २०७४: २०८) । मल्लकालमा शिक्षालाई तत्कालीन मानिसहरुको वृत्तिविकास गराउन प्रयोग गरिएको थियो। चौँथो शताब्दिमा जयस्थिति मल्लले आफ्ना प्रजालाई विभिन्न व्यावासायिक समूहमा बाँडेर जातअनुसारका सिपमूलक व्यावासायिक शिक्षा दिन खोजेकाले अहिलेसम्म पनि पुख्यौली पेसागत सिप अँगाल्दै आएको भेटिन्छ (शर्मा, २०६८: २१)। जयस्थिति मल्लले शिक्षा केन्द्र र मठ मन्दिरहको हेरचाह गर्न गुठी जग्गा व्यवस्था गरेर शिक्षाको विकासमा जोड दिएको देखियो (शर्मा, २०६८: २२)।

मल्लकालमा प्रत्येक मानिस एक न एक काममा निपूण भएको पाइयो। थर अनुसारको पेसागत सिप विशिष्टिकरण हुने र एक अर्का पेसा व्यवसयबीच समन्वय, सद्भाव, सम्मान र

आदानप्रदान गरिनुले समाजमा सबै किसिमका मानिसको पारस्परिक सम्बन्ध मौलिएको देखियो। जस्तै माली, मालाकार, स्वर्णकार, ताम्राकार, कंसाकार, रञ्जितकार (रंगछिप्ने), तण्डुकार (खाद्यान व्यवसाय), लोहकार, आदि विभिन्न पेसागत सिपमा एकअर्कामा परनिर्भर रहने भएकाले समाजमा एक आपसमा सद्भाव कायम रहेको पाइयो (शर्मा, २०६८: २२) । मल्ल कालिन समाज मा धार्मिक शिक्षा ले प्रभाव पारेको देखिन्छ खासगरी सर्बसाधारण मा पढाइलेखाइ व्यवस्था नगरेपनि सामाजिक थिति बलियो बनाउने गरि चेतना भने दिएको थियो त्यसैगरी समाजलाई सिप भएका मानिस हरुको पहिचानका आधार मा ब्यबसाय प्रदान गरि व्याबसायिक समूह निर्माण गर्नुको साथै सिपको समन्वयका आधारमा समाजमा मेल मिलाप सहयोग आदानप्रदान गराउने चेतना सबैमा फैलिएको देखियोर तर त्यतिबेला समाजमा एकातिर समान किसिमले सबैलाई शाक्षरतामुलक शिक्षा दिन खोजिएन भने अर्को तर्फ समाजमा पेशागत समूह बाडेर त्यसैलाई जात ब्यबस्था र जात अनुसार मानिस लाइ सानो र ठुलो हुने अमानवीय जरा बलियो बनाउने थालनी भयो जसले अहिले सम्म जरा गाडिरहेको छ त्यसको अलावा आजको विद्यालय शिक्षामा समन्वयात्मक भावना विकाश हुने गरि परम्परागत सिप भयका मानिसलाइ पहिचान गरि सानो कक्षा देखिने उक्त व्यावसायिक सिप विकास गर्ने, आधुनिकीकरण गर्ने खालको रैथाने ज्ञानमा आधारित शिक्षाको व्यवस्था गर्न जरुरी देखिन्छ।

जयस्थिति मल्ल विद्वान र सिपगुण भएका व्यक्तिहरुको आदर गर्दथे र त्यतिबेला शिक्षाको केन्द्र मन्दिर, मठ बनाएर तिनीहरुलाई गुठीको रुपमा विकसित गरी शिक्षाको खर्च व्यवस्थापन गरिरहेको देखियो । उनका दरबारमा कीर्तिनाथ, रघुनाथ, रामनाथ, श्रिनाथ, भविनाथ भट्ट जस्ता ब्राम्हण सल्लाहकार राखेको देखियो (शर्मा, २०६८: २२)। त्यतिबेला संस्कृत र नेवारी साहित्यमा विकास भएको पाइयो । उनले समाजमा एक प्रकारको सामाजिक थिती बसाल्ने, समाजलाई समन्वयात्मक संरचनामा लैजाने काम गरेपनि यसलाई जातीय वर्ग बाट अछुतो राख्न भने केहि कोसिस गरेको देखियन रतरपनि ब्यवसायिक शिक्षामा जोड दिनु पर्ने, राम्रो शिक्षाप्रणाली विकाशमा कुशल बिज्ञ सल्लाहकार राख्नु पर्ने कुरा आजको शिक्षा व्यवस्थामा पनि लागु गर्न पर्ने निकै देखिन्छ।

सिद्धिनरसिंह मल्लले श्रम र शिक्षालाई अलग बनाई शिक्षाको माध्यम धर्ममात्र हुने परम्परालाई अन्त्य गरिदिएको पनि पाइयो भने त्यतिबेल ६८ ओटा बहाल बनाई भिक्षु भिक्षुणीलाई अलग अलग शिक्षा दिने प्रबन्ध गरेको भेटियो। जगज्योति मल्ल उच्च कोटीका विद्वान थिए र उनले साहित्य, संगितका साथै ज्योतिषशास्त्र र कला क्षेत्रलाई विशेष जोड दिएको देखियो । संस्कृत भाषामा लेखिएको हरगौरी विवाह, कुन्जविहारी, संगितचन्द्र जस्ता नाटकप्रख्यात रहेको देखियो (शर्मा, २०६८: २२) । राजा जितामित्र मल्ल सुविद्याजुरागी भएकाले समाजमा सबैलाई विधा दिनु राज्यको कर्तव्य ठान्दथे भने भुपतिन्द्र मल्लले कलाकृतिको विकास गरी उत्कृष्ट कलाकृति सिकाएर जनतालाई कलाविधामा निपुण बनाएको पाइयो । उनका पालामा बनेका न्यातपोल, पचपन्न झ्याले दरबार बेजोड कलाकृतिको नमूनाका रुपमा अहिलेसम्म जीवित रहेको पाइन्छ । राजा प्रताप मल्ल आपै कवि थिए । उनी विद्वान, साहित्यकारको भेला बोलाई सधैँसम्मान गर्दथे भन्ने उल्लेख छ। उनी विभिन्न भाषाको ज्ञाता थिए तसर्थ साहित्य र संगितका निकै पारखी भएको पाइयो । त्यतिबेला सामाजिक जनजीवनमा संगित, कला र साहित्यको प्रभाव बढी परेको पाइन्छ । त्यस्तै तन्त्रविद्या, ज्योतिष, आयूर्वेदको क्षेत्रमा धेरै मानिस व्यावसायिक थिए। संस्कृत भाषा बढी फैलिएको प्रमाण त्यतिबेलाका संस्कृतमा लेखिएका कनकपत्र, ताम्रपत्रबाट स्पष्ट हुन आएको देखिन्छ। त्यतिबेलाका राजाहरुले बौद्ध तथा हिन्दु शिक्षा केन्द्र खोलेर नैतिक आचरण र अनुशासन युक्त समाज बनाउन खोजेको साथै कला ,शाहित्य, भाषा,संगीत,ज्योतिष, तन्त्रविद्या र आयुर्वेदको क्षेत्रमा शिक्षा दिन खोजेको पाइन्छ र त्यतिबेलाको शिक्षा प्रणाली समानतामा आधारित त थियन तर ति सबै विधालाई त्यस पछिका शासकहरुले पछयाउन सकेको भए आजसम्म समाज आत्मनिर्भर हुन सजिलो हुने स्पष्ट देखिन्छ।

मल्लकालमा शैक्षिक दृष्टिले पूर्वी नेपाल अग्र स्थानमा रहेको र भोजपुरको दिङ्गला, संखुवासभाको मादी, धनकुटाको करुले, पाँचथर र ओखलढुङ्गाका ब्राम्हण बस्तीमा शिक्षित विज्ञको अखडा नै रहेको देखियो (शर्मा, २०६८: २३)। बौद्धमार्गी राई, किँरात, लिम्बु जातिमा पुरोहित हुन लामा बन्नै पर्ने भएकोले उनीहरुले धार्मिक शिक्षा अनिवार्य रुपमा लिने गरेको भेटियो भने अन्य बौद्धमार्गीहरु व्यावसायिक सिपमा निपूण भएको पाइयो। यसरी मल्ल कालमा औपचारिक शिक्षाको त्यति प्रचार प्रसार नभए पनि जनजीवनमा आफ्नै तरिकाको व्यावसायिक उन्नति प्रगतिका लागि सिपमूलक र अनुशासनमूलक शिक्षा दिने परम्परा भने कायम रहेको देखियो। मल्लकालमा नेपाल को पूर्वीभेगका ब्राह्मण बस्तीमा शिक्षाकेन्द्र खोल्ने प्रयास भएपनि सर्वसाधारंबर्गमा शिक्षा को पहुच पुगेको देखिएन साथै पश्चिम नेपालमा पनि शैक्षिक केन्द्र खोल्ने प्रयास गरिएन केहि जातिमा मात्र धार्मिक शिक्षा सिमित पार्ने काम भयो जसको प्रभाव अहिले सम्म पनि समाजमा देखिन्छ।

मल्लकालिन शिक्षा जसरी व्यावसायिक थियो, मानिसहरुलाई काम गर्ने सिप क्षमता अनुकुल व्यावसायिक वर्ग बनाएर एक अर्काप्रति सहिष्णुतापूर्ण निर्भरता कायम गरिएको र धर्म, संस्कार, आचरण, नैतिकतालाई समाजमा प्रधानता दिने, शैक्षिक परम्पराले मानव समाज उन्नत बनेको पाइन्छ। त्यसैगरी तत्कालीन शिक्षाले मानव जनजिवनलाई बनाएको सहज, सरल र सम्बन्धमूलक बनाउन उक्त शिक्षा परम्पराले आज पनि त्यत्तिकै भूमिका खेल्न सक्ने देखिन्छ। तसर्थ आजको शिक्षा प्रणालीमा त्यतिबेलाका कला, सिप, व्यवसायलाई समावेश गर्न जरुरी देखिन्छ।

## निष्कर्ष

नेपालमा स्वदेशी मौलिक शिक्षाको स्वरूप र यसको विकास अवधिभर नेपाली समाजको जनजीवन निक्कै प्रभावित भएको देखियोरयस सम्बन्धमा तथ्य जानकारी संकलन गर्ने क्रममा सम्बन्धित विषयमा प्रकाशित लेख रचना, पुस्तकहरु अध्ययन गरियो साथै सम्बन्धित विषयका शिक्षक प्राध्यापक र जानकार ब्यतिसंग अन्तर्वार्ता लिएको थियोरउक्त तथ्य जानकारिहरुलाई विश्लेषण गर्दा प्राचिनकाल देखि मध्यकाल सम्मका शासकहरुले अनौपचारिक किसिमले धार्मिक मठ मन्दिरमा धर्म ग्रन्थमा उल्लेखित धार्मिक ज्ञानमा आधारित शिक्षा प्रदान गरेका थिय त्यसैगरी प्राचिनकाल देखि परिवार र समाजका अग्रज तथा धार्मिकगुरुहरुले नितीप्रधान, कर्तब्य प्रधान, अनुशासनमा आधारित ज्ञान, सिप सिकाउने शिक्षा अर्ती उपदेशका रुपमा दिने गरेको र सोहीअनुरूप मानवीय जनजीवन ज्ञानी, नैतिक, कर्तब्यनिष्ठ भएको देखियो भने मल्ल शासनकालमा धर्मलाइ शिक्षा बाट अलग्याउने कोशिस गरेपनि समाज ले धार्मिक शिक्षालाई अनुशरण गर्दै आयो लिच्छवी र मल्ल शासनकालभर सीपमा आधारित व्यावसायिक शिक्षाले मानव जनजीवन निकै सहज बनाएको थियो र बौद्ध शिक्षा परम्परामा पनि सिप तथा अनुशासित जीवन जिउने असल जीवनका मार्ग पछयाउने बाटो देखाइयो भने वैदिक शिक्षा परम्परामा धर्म र नैतिकतामा जोड दिने शिक्षाका साथै ज्योतिष, कर्मकाण्ड, तन्त्रबिध्या, आयुर्वेद, योग ध्यानजस्ता विषयमा जोड दिएर मानवीय जीवन निक्कै कुशल बनाइएको थियो।

प्राचीनकालमा दिएको शिक्षा व्यवस्थाले तत्कालिन मानवीय जनजीवन धर्म संस्कार र अनुशासनयुक्त भएर सभ्य समाज निर्माण गर्न ठुलो योगदान पुर्याएको देखियो भने वैदिक तथा बौद्ध धर्मग्रन्थ र तिनका गुरुहरुले शाक्षात गराएका मानिसहरुले समाजमा अनुशासित, सभ्य, शान्त, सहयोगी र समन्वात्मक स्वभाव सिकाउन योगदान पुर्याउथे भने मल्लकालमा वर्ण व्यवस्था अनुकुल सिप कौशल सिकाउने गर्दथे यसबाट समाजमा व्यवसायिक समन्वय कायम भएको थियो।

प्राचीन तथा मध्यकालीन नेपाली समाज चेतनसिल, सभ्य, र सुसंस्कृत थियो रव्यवहारिक सिप कौशल ले समाज उन्नत र

आत्म निर्भर थियो त्यसैले त्यसबेलाको मौलिक स्वरुपको रैथाने शिक्षा प्रणाली आजको पाठ्यक्रम मा समेटेर तत्कालिन जीवन उपयोगी सिपज्ञानले पूर्ण विषयवस्तुलाइ आधुनिकता दिदै आजका वालवालिका लाइ उपयोगी र कामलाग्ने बनाउन सकिन्छ भन्ने पक्षमा प्राचीन मौलिक शिक्षा ले मार्ग निर्देशित गरेको छ।

तत्कालीन मौलिक स्वरुपको शिक्षाले मानव जिवनमा पारेको प्रभाव हालसम्म पनि देखिनआएको प्रष्ट छ। प्राचीन वर्णाश्रम व्यवस्थाले मानिसको क्षमता अनुकुल सिप व्यवसाय विकास गराएको छ र हालसम्म पनि तिनी सिप कला नै व्यावसायिक भएका छन् भने अर्कोतर्फ समाजलाई नैतिक आचरण सामाजिक एकता कायम गर्ने ज्ञान, धारणा दिने तत्कालिन शिक्षाले पारेको प्रभावलाई हेर्दा आजका विद्यार्थीलाई सोही अनुकुल विषयवस्तु पाठ्यक्रम शिक्षा नीति, नियम र योजानामा समेटेर कार्यान्वयन गर्न सकियमा वर्तमान युगअनकुल उपयोगी मानवशक्ति निर्माण गर्न सकिन्छ।

## प्रयोजन

प्रस्तुत लेख तयार गर्ने क्रममा अध्ययन गरिएका विभिन्न पुस्तक,प्रकाशित लेख रचना र जानकार सूचना दाताहरुले दिएका तथ्यलाई विश्लेषण गर्दा प्राप्त हुन आएको निष्कर्षका आधारमा प्रस्तुत लेखले आजका पुस्तालाई बिगतको शैक्षिक गतिविधिको स्पष्ट चित्रण गर्दछ । बिगतको मौलिक शिक्षाव्यवस्थाको प्रभाव तत्कालीन जनजीवनमा कस्तो थियो र त्यसले बर्तमान तथा भावी पुस्ता समेतलाई कस्तो प्रभाव पार्न सक्छ भन्ने प्रश्नको स्पस्ट जभाव दिन्छ। बिगतमा समाजलाई आबश्यक हुने धर्म, अनुशासन, नैतिकता, कर्तब्य परायणता, अहिंशा, सत्य, व्यावसायिक कुशलता र आत्मनिर्भरता जस्ता मानवीय गुण प्रदान गर्ने शिक्षा दिने परिपाटी थियो जसले गर्दा प्राचिन तथा मध्यकालीन समाज सभ्य सुसंस्कृत थियो।त्यतिबेला व्यवसायिक समन्वय, मेलमिलाप र बन्धुत्त्व बढी थियो त्यस् प्रकारको शिक्षाको स्वरुपका बारेमा जानकारी प्राप्त गर्ने जो सुकै पाठकलाई पनि आजको सिकाइ त्यस्तैप्रकार को हुनपर्ने अनुभुती सृजना हुन्छ । आजको बिद्यालय शिक्षा को पाठ्यक्रममा बिगतका रैथाने मौलिक ज्ञान सिप र प्रवृति विकास हुने गरी विषयबस्तु समेट्न सकियोभने साथै त्यसमा आधुनिकीकरण गर्न सकियो भने आजका पुस्ता स्वदेशमै स्वरोजगार हुन सक्छन भन्ने तथ्य यो लेख वाट उजागर हुन सक्छ।

बिगतले वर्तमानलाई पाठ सिकाउछ र भविष्यलाई मार्गनिर्देशन गर्दछ भन्ने तथ्य अनुसार नै त्यतिबेलाको शिक्षाको स्वरूप र त्यसबाट मानवीय जनजीवनमा परेको प्रभाव र त्यसले आजको शिक्षा ब्यबस्थामा प्रदान गर्न सक्ने योगदान र समेटन सक्ने विषयवस्तुकोबारेमा अझै थप तथ्य जानकारी खोजी गर्न चाहने अध्ययन कर्ताहरुलाई पनि अध्ययन गर्न मार्ग निर्देशन तथा उत्प्रेरणा दिन सक्छ।

बिगतका तथ्य नै वर्तमान र भविष्यको सहि मार्ग चित्र कोर्ने आधार हुने भयकोले अवको समाजलाइ सभ्य, संस्कारी, उन्नत, समन्वयकारी र सहयोगी बनाउने जनशक्ति तयार गर्ने शिक्षा प्रणाली, त्यसभित्रको पाठ्यक्रम,शैक्षिक योजना र नितीनियम तर्जुमा गर्न प्रस्तुत तथ्यले आधार पुर्याउन सहयोग गर्ने छ। यसका साथै स्थानीय तहदेखि राष्ट्रिय तहसम्मका शैक्षिक सरोकारवालालाइ शैक्षिक नीति योजना र कार्यक्रम निर्माण गरी सहि किसिमले कार्यान्वयन गर्न थप उर्जा प्रदान गर्ने छ ।

**सन्दर्भ सूची**

अधिकारी, किसान प्रसाद (२०६८), *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय अध्ययन*, अक्सफोर्ड पब्लिकेशन प्रा.लि.।

शर्मा, कुबेरनाथ (२०६६), *शिक्षाको समाजशास्त्रीय र दर्शन शास्त्रीय आधार*, रत्न पुस्तक भण्डार।

खनाल, पेशल (२०६५), *शैक्षिक अनुशन्धान पद्धती*, सनलाइट पब्लिकेशन।

नेपाल प्रगतिशील प्राध्यापक संगठन (२०६६), शिक्षा आयोगका प्रतिवेदनहरुको संगालो, *गन्तव्य, वर्ष ३, अंक १*, (सम्पा.)

खत्री डम्बर (२०७०), नेपालको शैक्षिक इतिहास, *प्रयास, वर्ष १०, अंक* ५, प्राध्यापक संघ क्याम्पस एकाइ, सुर्खेत क्याम्पस शिक्षा।

शर्मा, गोपिनाथ (२०६०), *नेपालमा शिक्षाको इतिहास, भाग १,* मकालु प्रकाशन गृह।

शर्मा, गोपिनाथ (२०६८), *नेपालमा शिक्षाको इतिहास, भाग २,* मकालु प्रकाशन गृह।

श्रेष्ठ, बेन्जु (२०७०), वैदिक संस्कृतिमा वर्णाश्रम ब्यबस्था, *प्रयास वर्ष १०, अंक* ५, प्राध्यापक संघ क्याम्पस एकाइ, सुर्खेत क्याम्पस शिक्षा।

श्रेष्ठ, चन्द्रबहादुर र अन्य (२०७७), *नेपालको शैक्षिक प्रशासन,* विद्यार्थी प्रकाशन प्रा. लि.।

श्रेष्ठ रमेश कुमार (२०७४), *बुद्धको जीवनी र उपदेश, वर्ष ९, अंक २,* पाटन बहुमुखी क्याम्पस, ललितपुर।

वेलवासे, नारायण प्रसाद र अन्य (२०७४), *शिक्षाको आधार*, शुभकामना प्रकाशन प्रा.लि.।

शर्मा, चिरञ्जीवी र निर्माला शर्मा (२०५८), *शिक्षाका आधारहरू*, एम.के. पब्लिकेशन एण्ड डिस्ट्रिव्युटर्स।